सूचना २

श्री ५ को सरकारको मिति २०४२।७।३० को निर्णयानुसार लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, यस विभागका देहायका लेखापरीक्षण अधिकारीहरू-लाई महालेखा परीक्षकको विभागका पदाधिकारीहरूसम्बन्धी नियमावली, २०१८ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२(१) बमोजिम मिति २०४२।७।३० देखि स्वेच्छिक अवकाश दिएको छ ।

१. लेखापरीक्षण अधिकारी श्री द्वारिकामान श्रेष्ठ
२. लेखापरीक्षण अधिकारी श्री नारायणकृष्ण श्रेष्ठ
३. लेखापरीक्षण अधिकारी श्री देवीप्रसाद रेग्मी

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक
महालेखा परीक्षकको विभाग

श्री ५ को सरकार

वाणिज्य मन्त्रालयको सूचना

नेपाल अधिराज्यको कुनै बैङ्कमा परिवर्त्य विदेशी मुद्रामा खाता खोली कुनै नेपाली नागरिकले कुल विदेशी मुद्राको ३० प्रतिशत नेपाल राष्ट्र बैङ्कलाई आधिकारिक दरमा बिक्री गरेको प्रमाणसहित वाणिज्य विभागमा आवेदन गरेमा बाँकी ७० प्रतिशत रकमको नियमानुसार परिवर्त्य मुद्रा खर्च गरी आयात गर्न पाउने वा सो रकम अरू कसैलाई हस्तान्तरणसमेत गर्न पाउने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।